२०७५ साल साउन २३ गते बुधबारका दिन बसेको मन्त्रिपरिषद्को १२औं बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्मबमोजिम छनः

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश नं. ५, प्रदेश योजना आयोग गठन तथा कार्यसञ्चालन आदेश, २०७४ को प्रथम संशोधनसम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** शान्तिनगर गाउँपालिका दाङ्गको केन्द्र परिवर्तन गर्न नेपाल सरकारमा सिफारिस गर्नेसम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

३. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** केही सार्वजनिक तथा गैरसरकारी संस्थाहरुको भवन प्रदेश सरकारले प्रयोग गरेबापत उक्त संस्थाहरुलाई बैकल्पिक स्थानमा कार्यालय व्यवस्थापन गर्न आर्थिक अनुदान उपलब्ध गराउनेसम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

४. देहाय बमोजिमका मन्त्रिपरिषद् समितिहरुको गठन गर्नेः-

**देहाय**

**अ. राजनैतिक समिति**

| | | |
|---|---|---|
| क. मुख्यमन्त्री | — | संयोजक |
| ख. आन्तरिक मामिला तथा कानून मन्त्री | — | सदस्य |
| ग. भौतिक पूर्वाधार विकास मन्त्री | — | सदस्य |
| घ. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री | — | सदस्य |
| ङ. सामाजिक विकास मन्त्री | — | सदस्य |
| च. प्रदेश सरकारका प्रमुख सचिव | — | सचिव |

**आ. प्रशासन तथा विधेयक समिति**

| | | |
|---|---|---|
| क. आन्तरिक मामिला तथा कानून मन्त्री | — | संयोजक |
| ख. भौतिक पूर्वाधार विकास मन्त्री | — | सदस्य |
| ग. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री | — | सदस्य |

घ. सामाजिक विकास मन्त्री — सदस्य

ङ. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री — सदस्य

च. सचिव (प्रशासन तथा बैठक महाशाखा), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सचिव

**इ. <u>आर्थिक सामाजिक तथा पूर्वाधार समिति</u>**

क. भौतिक पूर्वाधार विकास मन्त्री — संयोजक

ख. उद्योग पर्यटन वन तथा वातावरण मन्त्री — सदस्य

ग. सामाजिक विकास मन्त्री — सदस्य

घ. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री — सदस्य

ङ. सचिव (शासकीय सुधार तथा समन्वय महाशाखा), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सचिव

५. नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश नं. ५, प्रदेश सभाको चालू अधिवेशन सम्वत् २०७५ साल श्रावण २४ गते बिहीबार राति १२ बजेदेखि अन्त्य गर्न नेपालको संविधानको धारा १६६ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने ।